कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

वीरेन्द्रनगर, सुर्खेत

२०८०।१२।२६

प.सं.:- ०८०/०८१ (योजना)
च.नं. :- ९५३६

मिति :-२०८०/१२/२६

बसन्तबाबु श्रेष्ठ
का.मु. डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९

## प्रस्ताव आव्हान सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०८०/१२/२६

यस डिभिजन वन कार्यालय सुर्खेतको चालू आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन समूह/सहकारी/निजी उद्यमीबाट तोकिएको लागत सहभागितामा गराउनु पर्ने भएकोले यो ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ। इच्छुक सामुदयिक वन उपभोक्ता समूह/कबुलियती वन समुह/निजी उद्यमीबाट तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव सहितको आवेदन पेश गर्नु हुन अनुरोध छ। समयावधिभित्र पेश हुन नआएका वा रित नपुगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | बजेट(रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राकृतिक रुपमा रहेका जडिबुटी संरक्षण तथा व्यवस्थापन | पटक | १ | १० लाख | महत्वपूर्ण जडिबुटीहरु रहेका सा.व.उ.स./क.व.स./निजी फर्म/सहकारी |
| २ | पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार | पटक | १ | ७ लाख | सा.व.उ.स./क.व.स./निजी फर्म/सहकारी |
| ३ | कृषि वन कार्यक्रम | पटक | १ | ५ लाख | नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम सञ्चालन हुने, एकल वा एक भन्दा बढी उद्यमी/समूह/सहकारीको जग्गा मिलाएर कम्तिमा १० हेक्टर हुनुपर्ने |
| ४ | कृषि वन/निजि वन प्रवर्द्धन | प्याकेज | १ | ५ लाख | एउटै प्रजातिको कम्तिमा ३ हेक्टर वा ३००० बिरुवा रोपण गर्न सकिने स्थान/समूह भएको |

वरिष्ठ वन अधिकृत

२०८०।१२।२६
बसन्तबाबु श्रेष्ठ
का.मु. डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९



"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"
ईमेलः surkhetdfo@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

वीरेन्द्रनगर, सुर्खेत

प.सं.:- ०८०/०८१ (योजना) मिति :-२०८०/१२/२६
च.नं. :-

प्रस्ताव साँथ पेश गर्नुपर्ने कागजातहरु

१) रु.१० को टिकट टाँसी जडिबुटी उत्पादन, खेति विस्तार तथा उद्यम विकास दिग्दर्शन, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्तावना सहितको निवेदन।

२) स्थायी लेखा नम्बर प्रमाण-पत्र।

३) कबुलियती वन समुह/सामुदायिक वन उपभोक्ता समूह/सहकारीको हकमा समितिको निर्णय प्रतिलिपि र गत आ.व.को लेखापरीक्षण प्रतिवेदन।

४) निजी उद्यमीको हकमा दर्ता, नवीकरण, करचुक्ताको प्रमाण-पत्र, जग्गाको लालपुर्जाको फोटोकपी र तिरो तिरेको रसिदको प्रतिलिपि।

५) पछिल्लो पाँच आ.व. मा कुनै कार्यालयबाट यो कामको लागि अनुदान प्राप्त गरेको/नगरेको सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालोसूचीमा नरहेको स्वः घोषणा ।

६) निवेदकको नागरिकता वा परिचय खुल्ने कागजात।

७) पुनाश्चः अनुदानको शर्तहरु, निवेदनको ढाँचा, निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु, प्रस्तावनाको ढाँचा लगायत विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०८३-५२०२५५ वा मोबाईल नं. ९८५८३२२००० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

८) क्र.सं. १,२ र ३ को हकमा **प्रदेशहरुबाट संचालन गरिने संघिय ससर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि** २०८० तथा क्र.सं. ४ को हकमा **प्रदेश सरकारबाट संचालन हुने वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि २०८०** बमोजिम संचालन हुने छ।

क) प्रस्तावको ढाँचा

१) प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना
२) समूहको छोटो चिनारी, लक्ष्य र उद्देश्य
३) विद्यमान वित्तीय तथा अन्य भौतिक पूर्वाधारहरु
४) प्रस्तावित क्रियाकलापहरु
५) प्रस्तावित क्रियाकलापहरु सञ्चालन गरिने विधि (जनशक्ति, समूहको योगदान जुटाउने तरिका, उपलव्ध जग्गा)
६) प्रस्तावित क्रियाकलापबाट हुने खर्च र आम्दानीको प्रक्षेपण

२०८०।१२।२६
बसन्तबाबु श्रेष्ठ
का.मु. डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९



वरिष्ठ वन अधिकृत

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"
ईमेलः surkhetdfo@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

वीरेन्द्रनगर, सुर्खेत

मिति :-२०८०/१२/२६

प.सं.:- ०८०/०८१ (योजना)

च.नं. :-

७) क्रियाकलापहरुबाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी

८) क्रियाकलाप संचालन गर्न लाग्ने समय

९) लगानीका सम्भाव्य श्रोत सम्वन्धी विवरण

१०) प्रस्तावित क्रियाकलापहरुबाट उत्पादन हुने जडिबुटी वा प्रशोधित वस्तुको मात्रा

११) दिर्घकालिन जगेर्ना/सञ्चालन विधि

**ख) प्रस्ताव सम्वन्धी अन्य विधि**

१) म्याद नाघि प्रास भएको पत्र उपर कुनै कारवाही हुने छैन।

२) सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म, संस्था वा सहकारीले भाग लिन पाउने छैन।

३) प्रस्तावको लागि प्राकशित सूचना अनुसार आवश्यक सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव-पत्र साथ पेश गर्नुपर्ने समूह, सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यकमको हकमा कुल लागतको कम्तिमा ३०% सम्म र निजी फर्म वा उद्दमीको हकमा कम्तिमा ५०% सम्म अनुदान ग्राहिले लगानी गर्नु पर्ने छ।

२०८०।१२।२६

वरिष्ठ वन अधिकृत

बसन्तबाबु श्रेष्ठ
का.मु. डिभिजनल वन अधिकृत
क.स.नं. १७४८३९



"व्यवसायिक र सिर्जनशिल प्रशासन: विकास, समृद्धि र सुशासन"
ईमेल: surkhetdfo@gmail.com